## १.५ गाउँपालिकाका अध्यक्षज्यूवाट प्रस्तुत आर्थिक वर्ष ०७४/०७५ को नीति तथा कार्यक्रम

गजुरी गाउँपालिकाको दोश्रो गाउँसभा अधिवेशन समारोहका सभाध्यक्षज्यू, समारोहका प्रमुख अतिथि तथा माननीय सांसद श्री राजेन्द्र प्रसाद पाण्डेज्यू, विशिष्ट अतिथि प्रमुख जिल्ला अधिकारी श्री महेश आचार्यज्यू, विशेष अतिथि स्थानीय विकासअधिकारी श्री जीबलाल भुसालज्यू, प्रमुख सेनानी श्री भरत बुढाथोकीज्यू, गजुरी गाउँपालिकाका कार्यकारी अधिकृतज्यू, पूर्व सभापतिज्यू, सुरक्षा निकायका प्रमुख तथा प्रतिनिधिज्यूहरू, पूर्व गाविस अध्यक्षज्यूहरू तथा उपाध्यक्षज्यूहरू,कार्यपालिका सदस्यज्यूहरू, गाउँसभाका अन्य सदस्यज्यूहरू, राजनैतिक दलका प्रमुख एवम् प्रतिनिधिज्यूहरू, क्याम्पसका तथा विभिन्नविद्यालयका प्रमुख तथा प्रतिनिधि ज्यूहरूविभिन्न विषयगत सरकारी कार्यालयका प्रमुख तथा प्रतिनिधिज्यूहरू, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैरसरकारी संघसंस्थाका प्रमुख एवम् प्रतिनिधिज्यूहरू,पत्रकार महासंघ धादिङका अध्यक्ष लगायत सम्पूर्ण पत्रकार मित्रहरू, गाउँपालिका कार्यालय एवं वडा कार्यालयका सम्पूर्ण कर्मचारी मित्रहरू, गजुरी गाउँपालिकाको गरिमामय दोस्रो ऐतिहासिक गाउँसभामा हाम्रो निमन्त्रणलाई स्वीकार गरी उपस्थित हुनुभएका सम्पूर्ण गजुरीबासी आमाबुवा, दाजुभाई तथा दिदिबहिनीहरू लगायत उपस्थित सम्पूर्णमा हार्दिक स्वागत तथा सम्मान गर्दै चालु आर्थिक वर्ष २०७४।०७५ को नीति तथा कार्यक्रम प्रस्तुत गर्न गईरहेको छु ।

**सभाध्यक्ष महोदय !**

सर्वप्रथम विभिन्न कालखण्डमा नागरिक हक, अधिकार र स्वतन्त्रताको लागि आफ्नो प्राण आहुती गर्नु हुने सम्पूर्ण ज्ञात अज्ञात सहिदहरूप्रति हार्दिक श्रद्धाञ्जली अर्पण गर्दछु । विभिन्न समयमा भएका आन्दोलन तथा जनताको व्यग्र चाहना र इच्छा अनुसार प्राप्त संघीय लोकतान्त्रीक गणतन्त्र नेपालको संविधानमा व्यवस्था भए बमोजिम सिंहदरवारमा भएको शासकीय अधिकारलाई आज हामीले नेपाली जनताका घर दैलोमा ल्याउन सफल भएका छौं ।

नेपाल सरकारको मिति २०७३ फाल्गुण २७ गतेको निर्णय अनुसार साविक किराञ्चोक, पिंडा र गजुरी गा.वि.स.लाई मिलाई गजुरी गाउँपालिका घोषणा भए अनुसार २०७४ बैशाख ३१ गते भएको स्थानीय तहको निर्वाचनमा सहभागि भै आफ्नो अमूल्य मतबाट हामीलाई यस गाउँपालिकामा जनप्रतिनिधिको रूपमा विजय गराउनु हुने सबै गाउँपालिका बासीहरूमा हार्दिक कृतज्ञता सहित धन्यवाद व्यक्त गर्दछु ।

**सभाध्यक्ष महोदय,**

लामो समय देखिको जनप्रतिनिधि नहुँदा भएका अन्यौलाता, जटिलता, अप्ठ्याराहरूलाई चिर्दै हामी आज जनताका हक अधिकार स्थापित गरी जनताका भाग्य र भरोसालाई अझ माथि पुऱ्याइ विकास, सामाजिक न्याय र समुन्नतिका लागि प्रतिबद्ध भै यहाँहरूको बीचमा गजुरी गाउँपालिकाको दोश्रो गाउँ सभाका माध्यमबाट गजुरी गाउँपालिका भित्र हाम्रो नीति तथा कार्यक्रम सार्वजनिक गर्ने एउटा महत्वपूर्ण र ऐतिहासिक क्षणमा छौं । २०७४ जेठ १० गते औपचारिक कार्यक्रम मार्फत जनप्रतिनिधिको रूपमा सपथ ग्रहण गरी पद बहाली गरी सके पछि यस बीचमा आम नागकिका समस्याहरू पहिचान गर्ने र त्यसका निराकरणका उपायहरू तथा गाउँपालिकाको संस्थागत विकासका सूत्रहरू पत्ता लगाई भावी दिनमा सेवा प्रभावलाई समयानुकुल बनाउने दिशा तर्फ उन्मुख रहेका छौं । स्थानीय तहको विकास गतिलाई चुस्त दुरूस्त गर्दै योजनाबद्ध रूपमा व्यवस्थित र प्रभावकारी

बनाउन लोकतान्त्रीक संघीय गणतन्त्र नेपालको संविधानको भाग १७, १८ र १९ तथा संविधानको धारा २१४, २१५, २२१, २२४, २२६, २२८, २२९ र २३० मा स्पष्ट रूपमा स्थानीय तहको व्यवस्था गरी कार्यकारी, व्यवस्थापकीय तथा न्यायीक अधिकार स्थानीय तहमा प्राप्त भए अनुसार निर्वाचन भएको छोटो अवधिमा नै गाउँ सभा गरी नीति कार्यक्रम तथा वार्षिक बजेट प्रस्तुत गर्नु पर्ने कानूनी व्यवस्थाका कारण हामीहरू आज यस गजुरी गाउँपालिकाको दोश्रो गाउँ सभामा उपस्थित भैरहेका छौं । संविधान तथा अन्य कानुनले व्यवस्था गरे अनुसार यस गजुरी गाउँपालिकाको नीति तथा कार्यक्रम निर्धारण गरी यसै सभाबाट स्वीकृत गरी कार्यान्वयन गर्न गैरहेका छौं । संवैधानिक व्यवस्था अनुसार गजुरी गाउँपालिकाको योजना तर्जुमा प्रक्रियालाई जनसहभागिताको माध्यमबाट अघि बढाउने उद्देश्य अनुसार टोल वस्ती तथा वडा स्तरबाट नै योजना छनौट गर्ने तथा विभिन्न राजनैतिक दल, संघ संस्था, विकास प्रेमी स्थानीय नागरिक समाज तथा बुद्धिजिवी वर्गको सल्लाह सुझाव समेतको आधारमा नीति तथा कार्यक्रम बनाई तपाई आदरणीय महानुभावहरू समक्ष जननिर्वाचित जनप्रतिनिधिको हैसियतले यस गजुरी गाउँपालिकाको तर्फबाट पहिलो पटक प्रस्तुत गर्न पाउँदा हामीले गौरवान्वित महशुस गरेका छौं ।

कुल १३८.६६ बर्ग कि.मी क्षेत्रफल रहेको यस गजुरी गाउँपालिका भौगोलिक विविधता र प्राकृतिक स्रोत/साधनले भरिपूर्ण हुनुका साथै महाभारत लेक देखि नेपालको प्रशिद्ध पर्यटकीय तथा ऐतिहासिक त्रिशुली नदीको काखसम्म फैलिएको छ । यसले आफ्नो छुट्टै धार्मिक एवं साँस्कृतिक पहिचान बोकेको छ । महाभारत लेकको हरियाली देखि त्रिशुली नदिको सुन्दरतामा रमाएको र विभिन्न जात जातीको वसोवास भएको तथा करिव ५ हजार ६ सय घरधुरी एवं करिब २७ हजार भन्दा बढी जनसंख्या रहेको यस गाउँपालिका धादिङ्ग जिल्लाको दक्षिणी क्षेत्रमा रहेको छ । अधिकांश ग्रामिण भूमि रहेको यो गाउँपालिमा केही मात्र समथर भुभाग रहेको छ भने अधिकांश ग्रामीण भूभागहरू खेतीयोग्य छन् । पूर्वमा गल्छी गााउपालिका, पश्चिममा बेनीघाट रोराङ्ग गाउँपालिका उत्तरमा त्रिशुली नदी र दक्षिणमा मकवानपुर जिल्ला एवं बेनीघाट रोराङ्ग गाउँपालिका भित्र रहेको यस गाउँपालिका साविकका गजुरी, पिडा र किरान्चोकलाई समावेश गरी नेपाल सरकार मन्त्री परिषद्को मिति २०७३।११।०९ गतेको निर्णयानुसार २०७३।११।२७ मा गठन भएको हो । नून देखि सुन सम्म सबै खाले उपभोग्य वस्तुको उत्पादन हुन सक्ने यस गजुरी गाउँपालिका विकासको दृष्टिले पनि महत्वपूर्ण मानिन्छ । नेपालको सबै भूभागसँग सम्बन्ध कायम भएको राष्ट्रिय मार्ग यस गजुरी गाउँपालिकामा रहनुले पनि उक्त कुराको पुष्टि गर्दछ । यस गजुरी गाउँपालिका भित्र रहेका अल्पसंख्यक तथा पछाडि पारिएका वर्ग तथा समुदायलाई विकासको मुल प्रभावमा ल्याई विकास निर्माणलाई गतिशील बनाउन कृषि क्षेत्रको व्यावसायिकरण तथा आधुनिक यान्त्रीकरण गरी उत्पादनशील क्षेत्रमा लगानी प्रवर्द्धन गर्ने, रोजगारी सिर्जना गर्न औद्योगिक तथा रोजगारी मुलक व्यवसायको विकास गर्ने, सुशासन कायम गरी दैनिक सेवा प्रभाव प्रभावकारी तुल्याउने, पर्यटकीय क्षेत्रको विकास र संबर्द्धन गर्ने तथा सामाजिक विकासलाई संस्थागत गर्दै विकासको अनुभूति र अमन चयन जनतालाई गराउनु हाम्रो मुख्य चुनौति रहेका छन् ।

**सभाध्यक्ष महोदय,**

उल्लेखित चुनौति र समस्याका बाबजुद गजुरी गाउँपालिका भित्रका क्रियाशील राजनैतिक दलहरूको सहकार्य र सहमति, बुद्धिजीवि, शिक्षक, विद्यार्थी, संघसंस्था, दलित, जनजाति, महिला तथा समाजमा रहेका सबै तह र तप्काका आम नागरिकहरूको सल्लाह सुझाव र अनुभवहरू समेतको आधारमा गजुरी गाउँपालिकाको

आजको यस सम्मानित सभा मार्फत यस गाउँपालिकाको आर्थिक वर्ष २०७४/७५ को नीति तथा कार्यक्रम संक्षेपमा सार्वजनिक गर्ने अनुमति चाहान्छु ।

❖ विशेषत बढ्दो बजारीकरण, वातावरणीय प्रतिकुलता, वन जंगलको विनाश तथा जलवायु परिवर्तनको प्रभावका कारण पानीका मुहान सुक्दै जाने क्रममा २०७२ बैशाख १२ र २९ गतेको विनाशकारी भूकम्पले झन गजुरी गाउँपालिकामा रहेका प्राय सबै खानेपानीका मुहानहरू सुक्न गई खानेपानीको चरम समस्या बजार देखि गाउँ सम्म नै चुलिदै गएको छ । त्यसैले हाम्रो पहिलो प्राथमिकतामा आम जनताको स्वच्छ खानेपानी सहजै पाउने अधिकारलाई सुनिश्चित गर्दै पानीका मुहानहरू पहिचान गरी सबै टोल वस्तीमा खानेपानीलाई व्यवस्थित ढंगबाट वितरण गर्ने कार्यालर्य अघि बढाइने कार्यक्रम राखिएको छ ।

❖ यस्तै भूकम्पले घरवार विहिन बनाएकालाई लाभ ग्राहीको सूचिमा नपरेका सबै नागरिकको समस्यालाई अग्राधिकारमा राखी सम्बधित निकायको ध्यानाकर्षण गराउदै पीडित स्वयमलाई अपनत्व हुने ढंगबाट कामलाई अघि बढाइनेछ भने पहिलो किस्ता लिई घर बनाई सकेका लाभग्राहीहरूलाई बााकी रकम यथाशिघ्र उपलब्ध गराउने तथा रकम बुझेर पनि आवास निर्माणमा ढिलाइ भएको छ भने त्यसको पनि कारण पहिचान गरी आवश्यक कदम चालिनेछ । जग्गा धनी पूर्जा नभएका कारण लाभग्राही सूचिमा नाम भएर पनि आवास निर्माण सम्झौता गर्न नसकेका नागरिक तथा स्थायी बासस्थानको पहिचान नभएको भूकम्पले प्रताडित नागरिकको समेत पहिचान गरी आवश्यक व्यवस्था मिलाइनेछ र दुर्गम तथा जोखिम युक्त वस्तीको पहिचान गरी त्यस्ता ठाउाहरूको विकल्पमा एकिकृत नमुना वस्तीको कार्यक्रम संचालनमा जोड दिइनेछ ।

❖ विकासको मुख्य आधार मानिने सडक सञ्जालले जोड्न बााकी भएका सबै टोल वस्ती सम्म सडक सञ्जाल पुऱ्याई हाल सम्म बनेका सबै सडकहरूको स्तरोन्नती कार्यालर्य तिव्रता दिइनेछ ।

❖ विद्युत प्रसारण लाइन नपुगेका सबै गाउँ वस्तीमा विद्युत विस्तारमा ध्यान दिइनेछ भने तत्काल विद्युत विस्तार गर्न नसकिने गाउँ वस्तीहरूको पहिचान गरी वैकल्पिक उर्जाका माध्यमबाट भए पनि जनताको उज्यालोमा बस्ने अभिलाषालाई साकार पारिनेछ ।

❖ सबै विद्यालयहरूलाई बालमैत्री विद्यालय बनाउन आवश्यक सबै पूर्वाधारहरूमा ध्यान दिइनेछ । गाउँपालिका भित्रको सामुदायिक विद्यालयहरूमा विद्यार्थीहरूको अनुपातमा शिक्षक दरवन्दी मिलानको व्यवस्था गरिनेछ । विद्यालयको पहुँचबाट बाहिर रहेका बालबाकिाहरूको पहिचान गरी विशेष कार्यक्रम बनाई विद्यालय जाने व्यवस्था गरिनेछ । हरेक विद्यालयलाई छात्रा मैत्री बनाउन आवश्यक कार्य गरिनेछ । गजुरी गाउँपालिकामा रहेका सामुदायिक क्याम्पसहरूलाई नमुना कलेजको रूपमा विकास गर्दै स्नाकोत्तर तह सम्मको गुणस्तर युक्त जनशक्ति उत्पादन गर्न सक्ने पढाइको व्यवस्था मिलाइनेछ भने यस गाउँपालिका भित्र रहेका सबै तहका सामुदायिक विद्यालयको भौतिक पूर्वाधार तथा गुणस्तर सुधारमा ध्यान दिदै दक्ष र योग्य शिक्षकको व्यवस्था मिलाउँदै लगिनेछ । सबै सामुदायिक विद्यालयहरूमा अंग्रेजी माध्यमबाट अध्यापन गराउन आवश्यक तयारीमा जोड दिइनेछ । गजुरी गाउँपालिका भित्र निर्माणाधिन प्राविधिक शिक्षालयलाई यथाशिघ्र संचालनमा ल्याइनेछ ।

❖ स्वास्थ्य सेवालाई हरेक नागरिकको पहुँच सम्म सहजै पुऱ्याउन आवश्यक कार्य गरिनेछ जसका लागि हरेक वडामा एक एक वटा स्वास्थ्य चौकी व्यवस्था गर्ने गरी कार्यक्रम अघि बढाइनेछ । निःशुल्क स्वास्थ्य शिविरको आयोजना गरी स्थानीय स्तरमै सामान्य स्वास्थ्य सेवा पुऱ्याउने कोशिस गरिनेछ । गाउँपालिका भित्र रहेका स्वास्थ्य संस्थाहरूमा गर्भवति, सुत्केरी, जेष्ठ नागरिक, अन्ध अपाङ्ग, असाहय,

गरिब तथा विभिन्न कारणले पीडित नागरिकहरूलाई २४ सै घण्टा स्वास्थ्य सेवा उपलब्ध गराउने व्यवस्थामा ध्यान दिइनेछ। साथै आङ खस्ने समस्या भएका महिलाहरूको पहिचान सहित तथ्यांक संकलन गरी निःशुल्क उपचार गर्ने कार्यक्रम अघि बढाइनेछ।

❖ रासायनिक विषादी तथा मललाई विस्थापित गर्दै अर्गानिक र जैविक मलको व्यवस्थापन कार्यमा सघाउ पुग्ने कामको थालनी गरिनेछ। सिंचाइ व्यवस्था पुऱ्याउन सकिने उचित खेती योग्य जमिनहरूमा सिंचाई व्यवस्था पुऱ्याइनेछ। उर्वर भूमि भएका गाउँपालिका भित्रका सबै भेगको पहिचान गरी तरकारी, फलफूल तथा अन्य कृषि उत्पादन मूलक पकेट क्षेत्र घोषणा गरी आय स्तर बढाउने र आवश्यक पूर्वाधारको व्यवस्था गरिनेछ। वृद्धवृद्धा, अपाङ्गता भएका व्यक्तिहरू, सहारा विहिन नागरिकहरू, असहाय अशक्त व्यक्तिहरूको जिवीकोपार्जनमा विशेष ध्यान दिइनेछ।

❖ अव्यवस्थित हुँदै गएको बजारलाई सबै पूर्वाधार सहित सुव्यवस्थित गर्दै लगिनेछ। बजारका भित्री सडकहरूलाई स्तरोन्नती गरी ढल निकासका साथै सफा र स्वच्छ बजारका लागि फोहर मैलाको उचित व्यवस्थापन गरिनेछ। सबै बजारहरूमा सडक वत्तीको व्यवस्था मिलाउँदै लगिनेछ।

❖ गजुरी गाउँपालिका भित्र हरेक घरमा शैचालय निर्माण गरिने कार्यक्रम ल्याइनेछ र खुला दिशा मुक्त गाउँपालिका घोषणा गरिनेछ र पूर्ण सरसफाईको कार्यक्रम अघि बढाइनेछ। टोल वस्ती स्तरका आमा समूह/महिला समूह वा अन्य समूह तथा सामुदायिक संस्था मार्फत टोल वस्ती गाउँ घर सफा र हरियाली बनाई वातावरणमा टेवा पुऱ्याउने स्थानका सम्बन्धित निकायलाई सम्मान स्वरूप साझेदारीयुक्त कार्यक्रम अभिवृद्धि गरिदै लगिनेछ।

❖ गाउँपालिका स्तरमा सेवाग्राही/आम नागरिकले तिर्ने जुन सुकै कर तथा सेवा वापतको शुल्क नियमित र पारदर्शी बनाउन घरधुरी सर्वेक्षण गरी पारिवारिक दर्ता नम्बर प्रणाली मार्फत एकीकृत कर प्रणाली संचालनको व्यवस्थामा ध्यान दिइनेछ र सो को लागि सेवाग्राही कार्डको व्यवस्था गरिनेछ।

❖ सञ्चार सुविधा अभाव भएका वस्तीहरूमा सम्बन्धित निकायसँग समन्वय गरी यथोचित व्यवस्था गरिनेछ भने बजार विस्तार हुँदै गएका क्षेत्रमा ए.डी.एस.एल.(ADSL) सेवा मार्फत संचार सेवाको विस्तार गरिनेछ भने सबै मा.वि. तहका विद्यालय तथा कलेजहरूमा इन्टरनेट सेवाको विस्तार गरिनेछ।

❖ गजुरी गाउँपालिका भित्र दर्ता नगरी संचालनमा रहेका सबै किसिमका उद्योग तथा व्यवसायहरूलाई यथाशिघ्र दर्ता गराई करको दायरामा ल्याइनेछ। गाउँपालिका भित्र लाग्ने सबै किसिमका करका दरहरूलाई समय सापेक्ष परिवर्तन गरी समयानुकुल समायोजन गरिनेछ। सबै अव्यवस्थित उद्योग कल कारखाना तथा व्यवसायलाई यथाशिघ्र व्यवस्थित र नियमानुसार संचालन गराइनेछ। ढुङ्गा, बालुवा, गिट्टी जस्ता खनिज जन्य उद्योग तथा व्यवसायलाई प्रचलित कानुनको दायरामा ल्याई संचालन गर्न लगाइनेछ।

❖ वन जंगल, सार्वजनिक स्थल, खोला नदी, मठ मन्दिर पूरातात्वीक सम्पदाहरूको संरक्षण गरिनेछ। अव्यस्थित रूपमा पूर्जा विहिन जग्गामा बसेका नागरिकहरूलाई कानून सम्मत ढंगबाट व्यवस्थित गरिनेछ।

❖ यस गजुरी गाउँपालिकाका आठ (८) वटै वडामा सबै नागरिकलाई पायक पर्ने गरी छुट्टा-छुट्टै वडा कार्यालयको यथाशिघ्र व्यवस्था गरी आम नागरिकलाई सेवा सुविधा प्रदान गरिनेछ। सामाजिक सुरक्षा भत्ता वितरण प्रणालीलाई सहज र सरल ढंगबाट व्यवस्थित गरिनेछ।

❖ आम नागरिकलाई दिइने दैनिक सेवा सुविधालाई सरल र सहज बनाउन विद्युतीय पद्दतिको विकास गर्दै लगिनेछ ।

**सभाध्यक्ष महोदय,**

अब म विभिन्न विषय क्षेत्रगत नीतिहरूलाई प्रस्तुत गर्न गइरहेको छु ।

## क) आर्थिक विकास सम्बन्धी नीति तथा कार्यक्रमहरू

१. गजुरी गाउँपालिकाको श्रोत परिचालनलाई समतामूलक, प्रगतिशिल र न्यायपूर्ण बनाई राजश्वको दायरा बृद्धि गर्दै सबै करदाताहरूको सहभागितामा राजश्व अभिबृद्धि गरी कुल बजेटमा आन्तरिक आम्दानीको अंश बृद्धि गरिदै लगिनेछ ।

२. व्यवसाय कर र घर बहाल कर असुली कार्यालर्य थप प्रभावकारी बनाउन टोल विकास संस्थाहरूलाई परिचालन तथा जिम्मेवार बनाउने नीति लिइने छ ।

३. गाउँपालिकाको श्रोत विस्तारको लागि आ.व. २०७५।७६ देखि एकीकृत सम्पत्ति कर लागु गरिनेछ ।

४. गाउँपालिका क्षेत्रभित्र रहेका उद्योग व्यवसायहरूलाई गाउँपालिकामा दर्ता गराई करको दायरामा ल्याउने व्यवस्था मिलाईनेछ ।

५. व्यवसायकरको दायरा बढाउने र बढीभन्दा बढी व्यवसायीहरूलाई कर तिर्न प्रोत्साहित गर्न गाउँपालिकामा विविध कार्यक्रम सहित कर सप्ताह कार्यक्रम संचालन गर्ने तथा राजश्व संकलन कार्यालर्य व्यवस्थितगर्नगाउँपालिका र सम्बन्धित निजी क्षेत्रको सहयोग र समन्वयमा करको दायरालाई विस्तार गर्ने नीति लिइने छ ।

६. श्रोत व्यवस्थापनलाई वैज्ञानिक, यथार्थपरक र व्यवस्थित गर्न कम्प्युटर स ̂टवेयरको प्रयोगबाट डाटावेसका आधारमा कर शुल्क संकलन गर्ने कार्यको थालनी गरिनेछ ।

७.कर, शुल्क, दस्तुर असुली कार्यालर्य उपयुक्त संयन्त्र निर्माण गरी प्राथमिकताका साथ अगाडि बढाई बक्यौता न्यून गरिनेछ ।

८.उपभोक्ता समिति मार्फत सञ्चालन हुने कुनै पनि योजनाहरूको सम्झौता गर्नु अगाबै उपभोक्ता समितिका पदाधिकारीहरू र गाउँपालिका तथा वडा कार्यालयहरूमा विभिन्न सिफारिसका लागि सम्पर्कमा आउने सेवाग्राहीहरू समेतबाट आफुले बुझाउनुपर्ने एकीकृत सम्पत्ति कर, व्यवसायकर, बहाल करलगायतका सम्पूर्ण कर तथा शुल्क चुक्ता गरिसके पछि मात्र सम्झौता गरिने तथा सिफारिस उपलब्ध गराइने नीति लिइनेछ ।

९.वित्तीय श्रोत परिचालन र व्यवस्थापनमा निजी क्षेत्र र नागरिक समाजको सहभागिता र सहकार्यालर्य बढाउदै लगिनेछ । सम्पूर्ण करदातालाई स्वःस्फुर्त रूपमा करको दायरामा ल्याई आफुले तिरेको करको उचित उपयोग भएको अनुभूति दिलाईनेछ ।

१०. गाउँपालिकालाई बढी कर तिर्ने करदातालाई निश्चित मापदण्ड तयार गरी सम्मानित गर्ने परम्पराको थालनी गरिनेछ ।

११. राजश्व तथा आर्थिक कारोवारमा पारदर्शिता,जवाफदेहिता, सहभागिता र अनुमानयोग्यता प्रवर्द्धन गर्न तथा वित्तीय अनुशासन कायम गर्न आन्तरिक नियन्त्रण प्रणालीलाई सशक्त बनाई वित्तीय सूचनाको अभिलेख र प्रतिवेदन प्रणालीलाई नियमित र व्यवस्थित गरिनेछ ।

१२. गाउँपालिकाले उठाउने एकीकृत सम्पत्तिकर, व्यवसाय रपेशा कर, घर बहालकर, मनोरन्जन करहरूलाई पारदर्शी र प्रभावकारी बनाउन आवश्यकता अनुसार कार्यविधि र निर्देशिका बनाई व्यवस्थित गरिनेछ ।

१३. विशेष परिस्थितिमा कर/शुल्क/दस्तुर आदिका दरबन्दीहरूको कार्यान्वयनकासम्बन्धमा समस्या उत्पन्न भएमा गाउँ कार्यपालिकाले आवश्यक निर्णय लिई त्यस पछि हुने सभाबाट अनुमोदन गर्ने व्यवस्था मिलाइने नीति लिइनेछ ।

१४. विषयगत कार्यालयहरूसँग समन्वय र सहकार्य गरी राजश्व असुली कार्यालर्य थप प्रभावकारी बनाइनेछ ।

१५. गाउँपालिकाले व्यवसायिक भवन, विद्यालय, रेष्टुरेण्ट, होटल, थोक व्यापारी, फलफूल तथा तरकारी व्यवसायी र अन्य फोहोरमैला उत्पादन र उत्सर्जन गर्नेबाट तोकिए बमोजिमको थप फोहरमैला व्यवस्थापन शुल्क लिने नीति लिने छ ।

१६. निर्वाहमुखी आधुनिक कृषि प्रणालीलाई एकिकृत र व्यवसायिक कृषि प्रणालीतर्फ उन्मुख गर्दै विविधिकरण र यान्त्रीकरण गर्ने नीति लिइनेछ । उन्नत पशुपालनको लागि पशुपालक किसान हरूलाई प्रोत्साहन गर्दै लगिनेछ ।

१७. कृषि तथा पशु प्राविधिकहरूको समन्वयमा गाउँ स्तरीय कृषि तथा पशु जन्य तालिम तथा अन्य सिप विकास कार्यक्रमहरूलाई अगाडि बढाइनेछ ।

१८. गाउँपालिकाको भौगोलिक अवस्थालाई दृष्टिगत गरी माछा, च्याउ जस्ता नगदे वाली तथा बेमौसमी तरकारी खेती, अन्नवाली, फलफूल, व्यवसायिक खेतीलाई प्रवर्द्धन गरी कृषिलाई आधुनिकीकरण तथा व्यवसायीकरणमा जोड दिइनेछ ।

## ख) सामाजिक विकाससंग सम्बन्धित नीति तथा कार्यक्रमहरू

१. गजुरी गाउँपालिकाको प्रत्येक टोल वस्ती र समुदायहरूमा शुद्ध खानेपानीको पहुँच बुद्धि गरिने छ ।

२. गाउँको पहिचान दिने, रोजगारी सृजना गर्ने, स्थानीय श्रोत साधनको अधिकतम् प्रयोग गर्ने योजना तथा कार्यक्रमलाई प्राथमिकता दिई गरिबी न्यूनीकरण एवम् समावेशी विकासबाट सामाजिक विभेद कम गर्दै जाने नीति लिइनेछ ।

३. महिला बालबालिका तथा अन्य लक्षित वर्गलाई प्रत्यक्ष फाइदा पुग्ने खालका आयोजनाहरूलाई प्राथमिकतामा राखी कार्यान्वयन गरिनेछ ।

४. विकास आयोजनाको सञ्चालनमा महिला रअन्य लक्षित वर्गलाई अनिवार्य सहभागिता गराउने नीति लिइनेछ ।

५.	गाउँपालिका भित्र साना-ठूला मनोरञ्जन स्थल, पार्क र उद्यानहरूको निर्माण संरक्षण, संचालन र व्यवस्थापन तथा अन्य पूर्वाधार निर्माण कार्यका सम्बन्धमा सार्वजनिक निजी साझेदारी अवधारणालाई कार्यान्वयनमा ल्याउने प्रयास गरिनेछ ।

६.	गैरसरकारी संघ संस्थाहरूसँगको समन्वय र सहकार्यालर्य जोड दिइने छ । गाउँपालिका क्षेत्रभित्र कार्यक्रम सञ्चालन गर्ने सबै गैह्रसरकारी संस्थाहरूलाई आफ्नो कार्यक्रमहरू गाउँ विकास योजनामा समावेश गर्नका लागि पेश गर्न लगाइनेछ ।

७.	युवा वर्गको क्रियाशिलतालाई गाउँपालिकाको विकासको क्षेत्रमा योगदान दिन सवै कार्यक्रमहरू युवा मैत्री बनाउदै लगिनेछ ।

८.	हरेक वडामा खेल मैदान र प्रत्यक खेल मैदानमा हेलिप्याड निर्माण गर्ने नीति लिइने छ । खेलसंग सम्बन्धित विभिन्न भौतिक पूर्वाधारहरूको निर्माणको लागि युवा वर्गको सुझाव सहयोग र समन्वयलाई अनिवार्य गरी खेलाडी उत्पादनमा समेत योगदान  दिइनेछ ।

९.	नागरिकका मौलिक हक अधिकार एवम् विकासका लागि आवश्यक कदम चालिनेछ ।

१०.	महिला हिंसा रहित स्थानीय तहको रूपमा यस गाउँपालिकालाई स्थापित गर्न आवश्यक कदम अगाडि बढाइनेछ ।

११.	महिला हिंसामा शुन्य सहनशिलताको नीति अवलम्वन गरिनेछ ।

१२.	आदिवासी जनजातिहरूको सशक्तिकरण गर्न तथा उनीहरूको भेषभुषा र पहिचान संरक्षण तथा सम्बर्द्धन गर्न विशेष कार्यक्रम संचालन गरिनेछ ।

१३.	दलित वर्गको समग्र आर्थिक उन्नतिको लागि परम्परागत सीप र ज्ञानलाई समयसापेक्ष व्यवसायिकरण गरिने तथा शुन्य विभेदको नीति अवलम्वन गरिने छ ।

१४.	अपाङ्गता भएका व्यक्तिहरूको लागि सशक्तिकरणका कार्यक्रमहरू संचालन गर्नुका साथै समुदायमा आधारित पुनस्थापना गर्ने कार्यालर्य विशेष जोड दिइनेछ ।

१५.	पूर्ण साक्षरगाउँपालिका घोषणा गर्ने कार्यक्रमलाई अगाडि बढाइ निरक्षरलाई साक्षर बनाउने नीति लिइनेछ ।

१६.	बालमैत्री, अपाङ्ग तथा लैङ्गिकमैत्री नीति अवलम्बन गरिनेछ ।

१७.	पूर्ण सरसफाई युक्त तथावातावरणमैत्री गाउँपालिका निर्माणमा जोड दिइनेछ ।

१८.	पूर्ण खोप युक्त गाउँपालिकाको घोषणा तत्काल गरिनेछ ।

१९.	अपाङ्ग, असहाय, अशक्त, दैवि प्रकोप पीडित, द्वन्द्व प्रभावित, जेष्ठ नागरिकहरूलाई नेपाली नागरिकता प्राप्तिको लागि निःशुल्क सिफारिस उपलव्ध गराइनेछ ।

२०.	हरेक वार्डमा Birthing Center को बिकास गरि महिलाको सुरक्षित प्रशुती सेवा सम्बन्धी अधिकारलाई सुरक्षित गरी **घरमा प्रसुती शुन्य** कार्यक्रमको नीति लागू गरिनेछ ।

२१.	गाउँपालिका भित्रका सबै सामुदायिक विद्यालयहरूमा अध्ययनरत छात्राहरूलाई सेनेटरी प्याड वितरण गर्ने कार्यक्रमको थालनी गरिनेछ ।

## ग)	पूर्वाधार विकास सम्बन्धी नीति तथा कार्यक्रम

१.	ठूला आयोजनाहरूको सम्भाव्यता अध्ययन गरी सामाजिक, आर्थिक तथा वातावरणीय दृष्टिकोणबाट सम्भाव्य आयोजनाहरूको कार्यान्वयनमा जोड दिईने छ।

२.	जनसहभागितामा आधारित कार्यक्रमलाई महत्व दिने नीतिलाई निरन्तरत दिइनेछ। सहभागिता गर्ने जनताको क्षमता समेतलाई ध्यानमा राखिकार्यक्रम संचालन गरिने छ।

३.	पूर्वाधार निर्माण गर्दा महिलामैत्री, बालमैत्री तथा अपाङ्गमैत्री भवन निर्माण गर्ने नीति लिइनेछ।

४.	भौतिक पूर्वाधार तथा संरचनाहरूको गुणस्तर कायम गर्ने कार्यालर्य प्रभावकारी बनाउन उपभोक्ता समिति र अनुगमन समितिलाई थप प्रभावकारी बनाइनेछ।

५.	उपभोक्ता समिति मार्फत सञ्चालन हुने आयोजना तथा कार्यक्रमहरूको निर्माण सम्पन्न भई फरफारक भएपछि दीर्घकालसम्म आयोजनाको सञ्चालन, व्यवस्थापन र मर्मत सम्भार गर्न स्वयं उपभोक्ताहरूलाई नै जिम्मेवार बनाउने नीति लिइनेछ।

६.	गाउँपालिका क्षेत्रका सार्वजनिक जग्गाको संरक्षण र सम्बर्द्धन गर्ने नीतिलाई प्राथमिकतामा राखिने छ। वडा समिति, टोल विकास संस्था, नागरिक सचेतना केन्द्र लगायतको सहभागितामा सार्वजनिक जग्गाको संरक्षण र संम्वर्द्धन गरिनेछ।

७.	नेपाल सरकारबाट स्वीकृत **बस्ती विकास, शहरी योजना तथा भवन निर्माण सम्बन्धी आधारभूत निर्माण मापदण्ड, २०७२** लगायतका नीतिगत व्यवस्थामा रहेका न्यूनतम् प्रावधानलाई गाउँपालिकाले आफ्नो क्षेत्रमा अवलम्वन गर्नेछ र सोही अनुसार गाउँपालिका भित्र निर्माण हुने भवनहरूको निर्माण स्वीकृती, नक्सा पास र निर्माण सम्पन्न प्रमाण पत्र उपलब्ध गराइनेछ।

८.	गाउँस्तरीय सडक यातायात गुरूयोजना स्वीकृत गरी लागु गरिनेछ।

९.	खेतीयोग्य जमिनमा सिंचाई प्रवन्ध मिलाउने काममा प्राथमिकता राखिने छ।सिंचाईका आयोजनाहरू छनौट गर्दा गाउँपालिकाको मुख्य कृषि क्षेत्र समेतलाई मध्य नजर गर्दै छनौट गर्ने र सिफारिस गर्ने नीति लिइनेछ।

१०.	विद्युत सेवा नपुगेका वडाहरूमा विद्युतिकरणको लागि थप कार्य अगाडि बढाइने छ। वार्षिक विद्युत मागको गणना कार्यालर्य अगाडि बढाइनेछ।

११.	वैकल्पिक उर्जाको अवस्था, सम्भावना तथा अवसरको अध्ययन गरिनेछ।

१४.	गुणस्तरीय सौर्य सडक बत्ति कार्यक्रमलाई सघन रूपमा सन्चालन गरी शहरी सौन्दर्यलाई प्राथमिकता दिइनेछ।

१५. गाउँपालिका क्षेत्र भित्र रहेका बजारहरूलाई सडकको क्षेत्राधिकार लाई ध्यानमा राखि व्यवस्थित गरिनेछ।

१६. गाउँपालिका भित्र पर्ने राजमार्गको दाया बाया वृक्षारोपण गरी हरियाली कायम राख्ने र सोलार बत्ती जडान गरिनेछ।

## घ) संस्थागत विकास तथा सेवा प्रवाह सम्बन्धी नीति तथा कार्यक्रमहरू

१.	स्थानीय जनताको अगुवाइमा गजुरी गाउँपालिकालाई समृद्ध बनाउन बृहत सामाजिक विकास गुरूयोजना तर्जुमा गरी तत्काल लागु गरिनेछ।

२. सेवाग्राहीहरूको लागि जारी गरिने नागरिक वडापत्रलाई परिमार्जन गरी सबै तह, तप्का तथा वर्गको पहुँचमा पुऱ्याउने तर्फ आवश्यक कार्य गरिनेछ र वडाहरूमा यस सम्वन्धी अभिमुखीकरण कार्यक्रम सञ्चालन गरिनेछ। चालु आ.व.मा नागरिक वडापत्रमा प्रभावकारिता वृद्दि गर्न श्रव्य दृश्य (audio visual citizen charter) प्रविधिमा आधारित नागरिक वडापत्र तयार गरिने छ।

२. सूचनाहरूलाई विद्युतीय तथा छापा सञ्चार माध्यमबाट सार्वजनिकिरण गर्ने कार्यालर्य प्रभावकारी बनाई पार्दशिता तथा सुशासन प्रवर्द्धनमा जोड दिइनेछ।

३. कर्मचारीहरूको कार्य सम्पादन मूल्याङ्कन पद्दतिलाई प्रभावकारी, वैज्ञानिक र जवाफदेही बनाई पुरस्कार तथा सम्मान गर्ने नीतिलाई व्यवस्थित गरिनेछ। सहायक चौथो तह र सो भन्दा माथीका सबै कर्मचारीहरूलाई आधारभूत कम्प्युटर तालीम दिने नीति लिइनेछ।

४. गाउँपालिकाका विकास गतिविधिहरूको सामाजिक परीक्षण, सार्वजनिक सुनुवाई र सार्वजनिक परीक्षण गर्ने कार्यालर्य अनिवार्य गरिनेछ।

५. सामाजिक सुरक्षा रकम वितरणलाई वैकिङ्ग प्रणालीमा आवद्ध गरिने छ।

६. व्यक्तिगत घटना दर्ता कार्यक्रमलाई विद्यतीय प्रणालीमा आवद्ध गरिनेछ।

७. विकासका सम्पूर्ण गतिविधिहरूको गुणस्तर कायम गर्न अनुगमन तथा मूल्याङ्कन समिति गठन गरी अनुगमन तथा मूल्याङ्कन कार्यालर्य प्रभावकारी बनाइनेछ।

## ङ) वातावरण तथा विपद व्यवस्थापन सम्बन्धी नीति तथा कार्यक्रमहरू

१. सार्वजनिक, ऐलानी र प्रती जग्गाको संरक्षण गर्न सोको लगत लिई तारवार गर्ने र हरियाली पार्कको रूपमा विकास गर्ने प्रयासको थालनी गरिने छ।

२. सामुदायिक वनहरूमा आयआर्जन गर्ने खालका विरूवा लगाउन प्रोत्साहन गरिने छ

३. गाउँपालिका क्षेत्रमा उपयुक्त सार्वजनिक जग्गाको प्रयोग गरी गाउँ बसपार्क व्यवस्थापनको थालनी गरिने छ।

४. पूर्ण सरसफाईको कार्यक्रम सञ्चालन गर्न 4R (Reduce, Reuse, Recycle and Recovery) को अवधारणा अवलम्वन गरिने छ।

५. पर्यावरणीय सन्तुलन र वातावरण संरक्षण सम्बन्धी कार्यालर्य जोड दिइनेछ।

६. खुल्ला दिशामुक्त कार्यक्रमलाई निरन्तरता दिई Post ODF रणनीति तर्जुमा गरी गाउँपालिकालाई पूर्ण सरसफाईको अवस्थामा पुऱ्याउन पहल गरिनेछ।

७. हरियाली प्रवर्द्धन गर्ने कार्यालर्य प्रभावकारी रूपमा सञ्चालन गरिनेछ।

८. समुदायमा आधारित फोहर व्यवस्थापन (Community Based Waste Managemant System) कार्यालर्य अगाडि बढाइनेछ।

९. वातावरण मैत्री गाउँपालिका घोषणा गर्ने तर्फ गाउँपालिकाका गतिविधिहरू संचालन गरिने छन् साथै स्वच्छ, सफा र सुन्दर गाउँको निर्माण गर्ने नीति लिइनेछ।

१०. प्लाष्टिक झोलामुक्त गाउँपालिका निर्माण गर्न जोड दिइनेछ।

११. एक घर एक विरूवा र एक मृत्यु तीन वृक्षारोपणको नीति अवलम्बन हुनेछ।

१२.	गजुरी गाउँपालिकाको फोहोरलाई मोहोरमा परिवर्तन गर्ने नीति बनाई कार्यान्वयनमा ल्याईनेछ ।

**सभाध्यक्ष महोदय,**

हामी सबै जनप्रतिनिधिहरू चुनावी दौरानमा विभिन्न राजनीतिक पार्टी तथा संगठनका तर्फबाट भाग लिएता पनि आज हामी सबै जनताका प्रतिनिधिका रूपमा यहाँ उभिएका छौं । त्यसैले अबका दिनमा हामीले राजनीतिक दल भन्दा माथि उभिएर विकास र प्रगतिका लागि हातमा हात काधमा काध मिलाई जनमतको कदर गर्दै हातेमालो गरी अघि बढ्नु जरूरी हुन्छ । अनि मात्र जनमतको सम्मान गरिएको ठहर हुनेछ ।

हामीले चुनावी अभियानमा प्रतिवद्धता जाहेर गरेका सबै विकास र जनजीविकाका सवालहरूलाई यथोचित विकास गर्दै पाँच वर्ष भित्रमा यस गजुरी गाउँपालिकालाई नगरपालीका उन्मुख गराउन हामी पतिवद्ध छौं । हाम्रो यस कदममा यहाँहरू सबैको रचनात्मक सल्लाह, सुझाव र सहयोगको अपेक्षा राख्दछौं । यस गजुरी गाउँपालिका तपाईं हामी सबैको हो, यसको विकास गर्न सकेमा सबै गजुरीबासी जनताको विकास हुन सम्भव छ । त्यसैले तपाईं हामी सबै आत्मै देखि दत्त चित्त भै गाउँपालिकाको विकासमा लाग्न पनि म सबैमा हार्दिक अनुरोध गर्दछु ।

र, अन्त्यमा माथि उल्लेखित नीति तथा कार्यक्रमहरूको कार्यान्वयन गर्न बजेट विनीयोजन गरी कार्यक्रम संचालन गरिनेछ । नीति तथा कार्यक्रहरूसँग सम्बन्धित बजेट यस सभाको अर्को सत्रमा प्रस्तुत गरिनेछ । यस नीति तथा कार्यक्रम तर्जुमा गर्न सहयोग गर्नुहुने सबै महानुभावहरूलाई धन्यवाद । साथै हाम्रो निमन्त्रणालाई स्वीकार गरी यस समारोहमा पाल्नु हुने प्रमुख अतिथिज्यू, विशेष अतिथिज्यू, अतिथिज्यूहरू लगायत उपस्थित सबै आदरणिय महानुभावहरूमा हार्दिक कृतज्ञता सहित धन्यवाद व्यक्त गर्दछु ।

धन्यवाद ! नमस्कार
२०७४ श्रावण १५ गते आइतवार

**राजेन्द्र विक्रम बस्नेत**
**अध्यक्ष**